# नेपाल सरकार

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४

(परिमार्जित मस्यौदा, २०७४।७।१३)

# बिषय सूची


१. पृष्ठभूमि ........................................................................................ १

२. सोंच(Vision) ...................................................................................... १

३. ध्येय(Mission) ...................................................................................... २

४. लक्ष्य(Goal)........................................................................................ २

५. उद्देश्यहरु(Objectives) ............................................................................. २

६. अवधारणा ........................................................................................ ३

७. नीति ............................................................................................. ३

८. नीति कार्यान्वयन.................................................................................. ७

९. अनुगमन, मूल्याङ्कन तथा समन्वय ....................................................................८

१०. नीति पुनरावलोकन .................................................................................८

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४

## १. पृष्ठभूमि

विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था तथा मौसमी विषमताको कारण नेपाल भूकम्प, बाढी, पहिरो, खडेरी, हिमताल बिष्फोटन, चट्याङ्ग, आगलागी तथा महामारी जस्ता प्रकोपहरुबाट प्रभावित छ । नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी तथा महामारी जस्ता पुनरावर्ती प्रकोपहरुले गर्दा ठूलो जनधनको क्षति तथा हानि हुने गरेको छ । बि.सं. २०७२ साल बैशाखमा आएको भूकम्प, बि.सं. २०७१ र २०७४ सालमा आएको बाढी तथा पहिरोले पुऱ्याएको ठूलो जनधनको क्षति यसका ताजा उदाहरण हुन् । जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र अनियन्त्रित विकासका कार्यहरुले गर्दा विपद् सङ्कटासन्नतामा अझ बृद्धि भैरहेको छ ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई विभिन्न निकायहरु मार्फत योजनाबद्ध र व्यवस्थित गर्न ऐन, नियम, नीति, रणनीति, कार्ययोजना, कार्यविधी तथा नियमावलीहरु बनाएको छ । यी मध्ये दैवी प्रकोप (उद्धार) ऐन, २०३९, स्थानिय स्वायत्त शासन ऐन, २०५५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६, जलवायु परिवर्तन नीति, २०६७, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन, २०७२, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्रको कार्य संचालन विधि, २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ महत्वपूर्ण दस्तावेज हुन् ।

विपद् जोखिम न्यूनीकरण सम्बन्धि ह्योगो कार्यढाँचाका आधारमा तयार पारिएको विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लाई ह्योगो कायढाँचा परिमार्जन भै सेण्डाइ कार्यढाँचा निर्माण भएको सन्दर्भमा आवश्यक परिमार्जन गर्नु पर्ने आवश्यकतालाई महसुस गर्दै नेपालमा विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरि विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनबाट प्राप्त अनुभवहरु, २०७२ सालको भूकम्प तथा अन्य ताजा विपद्का घटनाहरुका अनुभवहरु, जलवायु परिवर्तनको प्रभाव तथा दिगो बिकास लक्ष्यका प्रावधानहरुलाई आधार लिई यस विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७४ तयार गरिएको छ ।

## २. सोंच(Vision)

विपद् जोखिम बाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकास गर्ने यस नीतिको सोंच हुनेछ ।

## ३. ध्येय(Mission)

विपद् जोखिम व्यवस्थापनका प्रत्येक चरणका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयनमा ल्याई विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका साधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक, भौतिक, साँस्कृतिक तथा पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्य कमी गर्नु यस नीतिको  ध्येय हुनेछ ।

## ४. लक्ष्य(Goal)

विपद्को कारण हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरुको संख्या राष्ट्रिय स्तरमा व्यापक रुपले कम गर्नु, जीविकोपार्जनका साधनहरु, कृषि, उद्योग, सडक, संचार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्यर शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउँने क्षति र अवरोध व्यापक रुपले कम गर्न तिनीहरूको उत्थानशिलता बृद्धि गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु यस नीतिको लक्ष्य हुनेछ ।

## ५. उद्देश्यहरु(Objectives)

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु र सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्नु यस विपद् जोखिम न्यूनीकरण नीतिको मुख्य उद्देश्य हुनेछ । विपद् जोखिम न्यूनीकरण नीतिका अन्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

५.१. विपद् जोखिमको बुझाई बृद्धि गर्न विपद् जोखिम क्षेत्रको जोखिम लेखाजोखा तथा नक्शाङ्कन गरि जनसमुदायलाई उपलब्ध गराउने, विपद् जोखिम न्यूनीकरण सम्बन्धि जन चेतनामूलक तथा शैक्षिक कार्यक्रमहरु प्रवर्धन गर्ने र प्रकोप, जोखिम तथा संभावित विपदको प्रचार, प्रसार तथा सूचना प्रवाह प्रभावकारी बनाउँने ।

५.२. विपद् जोखिम शासनको सुदृढीकरण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी निकाय, गैर सरकारी एवं सामुदायिक संघ, संस्थाका साथै निजी क्षेत्रको पनि भूमिका स्पष्ट पारी समन्वयात्मक ढंगले कार्य गर्ने ।

५.३. विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकुलनका कार्य, दिगो विकास लक्ष्य तथा विकासमूलक क्रियाकलापहरु संग एकीकरण तथा मूलप्रवाहीकरण गर्ने ।

५.४. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरि उत्थानशीलता अभिबृद्धि गर्ने ।

५.५. विपद् जोखिमको लेखाजोखा, नक्शाङ्कन तथा राष्ट्रिय भूउपयोग नीतिको आधारमा जमिनको बर्गीकरण गरी सो अनुरुप जमिनको समुचित उपयोग गर्ने र पुनर्निमाण लाई प्रभावकारी बनाउने ।

५.६. विपद् प्रभावमा आधारित बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास गरी प्रभावकारी पूर्व तयारी तथा प्रतिकार्य मार्फत जनधनको क्षतिलाई न्यूनीकरण  गर्ने ।

५.७. विपद्बाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई समयमै उचित राहतको व्यवस्था सुनिश्चित गर्ने ।

५.८. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा "अझै राम्रो र बलियो बनाऔं" भन्ने अवधारणाका आधारमा उत्थानशिल विकास संरचना निर्माण गर्ने ।

## ६. अवधारणा

विपद् जोखिम न्यूनीकरण नीति देहाय बमोजिमको अवधारणामा आधारित रहेको छ ।

६.१. विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापनमा नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम विकेन्द्रित अवधारणा अवलम्बन गर्ने ।

६.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समाजका सबैको (All of Society) सहभागिता तथा साझेदारीको अवधारणा अवलम्बन गर्ने ।

६.३. विपद् जोखिमका कारक तत्वहरुको निराकरणको लागि विपद् जोखिम न्यूनीकरणमा केन्द्रित कार्यक्रमको अवधारणा अवलम्बन गर्ने ।

६.४. कार्य योग्य जोखिम जानकारीका आधारमा विपद् जोखिम न्यूनीकरणका कार्यहरु गर्ने ।

६.५. विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापनमा बहु प्रकोप विपद् जोखिम ब्यवस्थापनको अवधारणा अवलम्बन गर्ने ।

६.६. विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई क्षेत्रगत नीति र योजनाहरुमा मूलप्रवाहीकरण गर्ने ।

६.७. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, वातावरण ब्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गर्ने ।

६.८. विपद् जोखिमका स्थानिय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने ।

६.९. विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक, सहकारी तथा निजी लगानीको प्रवर्धन गर्ने ।

६.१०. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानिय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गर्ने ।

६.११. पुनः स्थापना र पुनर्निर्माणमा "अझै राम्रो र बलियो बनाऔं" भन्ने अवधारणा अवलम्बन गर्ने ।

## ७. नीति

माथिका उद्देश्यहरु प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछन् ।

७.१. विपद् जोखिमको बारेमा सार्वजनिक शैक्षिक कार्यक्रमहरु र पहुँचयुक्त समावेशी जनचेतनामूलक तथा सूचनामूलककार्यक्रमहरु तयार गरी सूचना तथा संचारका माध्यमहरुको प्रभावकारी उपयोगमार्फत जनस्तरमा विपद सम्वन्धी जानकारी, सचेतना र सिकाई अभिबृद्धि गरिनेछ ।

७.२. प्रमुख प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुको नियमित रुपमा अनुगमन र मापन गर्ने, साथै समुदायहरुको संकटासन्नता, क्षमता र जोखिम लेखाजोखा तथा नक्शाङ्कन गर्ने प्रणालीको विकास गरिनेछ ।

७.३. कृषि प्रणाली, यातायातका पूर्वाधार, उद्योग, व्यापार व्यवसाय, पर्यटन, उर्जा, आवाश, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरु, विद्यालय, खानेपानीका पूर्वाधार, निजी तथा सरकारी स्वास्थ्य संरचना, जनस्वास्थ्य र पोषणमा पर्नसक्ने विपद् जोखिमको नियमित तथ्याङ्क सङ्कलन, जोखिम लेखाजोखा, नक्शाङ्कन तथा प्रचारप्रसार गरिनेछ ।

७.४. विपद् जोखिम सूचना तथा तथ्याङ्क व्यवस्थापनको लागि खुला स्रोत प्रविधि (Open Source Technology) र भौगोलिक सूचना प्रणाली (Geographic Information System) मा आधारित आधुनिक विपद् जोखिम व्यवस्थापन सूचना प्रणाली (Disaster Risk Management Information System) विकास गरी जनसाधारण तथा सरोकारवालाहरुलाई सहज रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

७.५. विपद् जोखिम न्यूनीकरण सम्बन्धि अध्ययन, अनुसन्धान तथा प्रशिक्षणको लागि "राष्ट्रिय विपद् जोखिम न्यूनीकरण अनुसन्धान तथा तालिम केन्द्र" को स्थापना गरिनेछ ।

७.६. विपद् जोखिम न्यूनीकरण सम्बन्धि अध्ययन तथा अनुसन्धानमा सरकारी निकाय, विश्व विद्यालय तथा अनुसन्धान केन्द्रहरु बीचको सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

७.७. स्थानिय तह, समुदाय, सामुदायिक संस्था, विद्यालय, विश्वविद्यालय तथा अस्पतालहरुमा समावेशी विपद् जोखिम व्यवस्थापन समितीहरु गठन गर्ने व्यवस्था गरिनेछ ।

७.८. विभिन्न तहका विपद जोखिम न्यूनीकरण योजना निर्माण तथा कार्यान्वयनमा सिंचाई, नदी नियन्त्रण, वन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका योजना निर्माण तथा व्यवस्थापनमा संलग्न हुने व्यवस्थापन समिति, उपभोक्ता समिति, निजी क्षेत्रका लगानीकर्ता लगायत सामुदायिक संस्था र जनसमुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

७.९. राष्ट्रिय भूउपयोग नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गरी विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कनको आधारमा असुरक्षित स्थलहरूमा बस्ती बिस्तार नियन्त्रण गरिनेछ । असुरक्षित बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गरिनेछ ।

७.१०. नदी व्यवस्थापन तथा जलाधार संरक्षणका कार्यक्रमहरु एकीकृत जलश्रोत व्यवस्थापनको सिद्धान्त अनुसार राष्ट्रिय तथा स्थानीयस्तरमा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछन् । साथै चुरे क्षेत्रको व्यवस्थापन कार्ययोजनालाई समय सापेक्ष परिमार्जन गरि लागु गरिनेछ ।

७.११. विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु तथा संस्थागत संरचनाहरुमा महिला, बालबालिका, बृद्धबृद्धा, अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक, आर्थिक तथा सामाजिक रुपमा सीमान्तकृत समुदायहरुको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी सहभागिता सुनिश्चित गरिनेछ ।

७.१२. अपाङ्गमैत्री सार्वजनिक भवनहरु (सरकारी कार्यालय, विद्यालय, अस्पताल, आश्रयस्थल आदि) डिजाईन तथा निर्माणका लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।

७.१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवक परिचालनका लागि निर्देशिका बनाई लागु गरिनेछ ।

७.१४. नगर, नगरउन्मुख तथा ग्रामीण क्षेत्रमा भूकम्प तथा बाढी प्रतिरोधी भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न भवन निर्माण सँहितालाई समय सापेक्ष परिमार्जन गरी अनिवार्य रुपले लागु गरिनेछ । साथै भवन निर्माण सँहिता पालनाको लागि पुरस्कार तथा सँजायको व्यवस्था गरिनेछ ।

७.१५. जलवायु परिवर्तन अनुकुलित पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिनेछ । भूकम्प तथा बाढी प्रतिरोधी विकासका पूर्वाधारहरु जस्तै विद्युतगृह, सडक, पुल तथा कलकारखानाहरु डिजाईन तथा निर्माणका लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।

७.१६. विकास निर्माणका परियोजनाहरु तर्जुमा, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद् जोखिम तथा जलवायु परिवर्तनका असरहरुको प्रभाव सम्बन्धी अध्ययन अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्थाको लागि नियमावली बनाई कार्यान्वयन गरिनेछ ।

७.१७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी निकायहरुको साँगठनिक सँरचना पुनरावलोकन गरि सुदृढ गरिनेछ । साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियनकलापहरुको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गृह मन्त्रालय अन्तर्गत श्रोत र अधिकार सम्पन्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिनेछ ।

७.१८. विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय कार्यढाँचा, सन्धी, सम्झौता तथा मापदण्डको पालना तथा कार्यान्वयन गर्न विद्यमान कानुनी एवँ संस्थागत व्यवस्थामा सुधार गरिनेछ ।

७.१९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यको अनुगमन, मूल्याङ्कन तथा समन्वयको लागि संघीय, प्रादेशिक तथा स्थानीय तहमा समावेशी सँयन्त्र स्थापना गरिनेछ ।

७.२०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरकारी तथा गैर सरकारी सँस्थाहरुको राष्ट्रिय सञ्जाललाई स्थानीय तहसम्म विस्तार गरी सुदृढीकरण गरिनेछ ।

७.२१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य मार्फत राष्ट्रको दिगो विकासका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा तालिमको काममा स्थानिय गैर सरकारी क्षेत्रको संलग्नता बढाउँदै प्रभावित उपभोक्ता समूह तथा निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुर्‍याइनेछ ।

७.२२. विपद् उत्थानशील समुदाय निर्माणको लागि जीविकोपार्जनका उपायहरुलाई अभिवृद्धि गर्न बैकल्पिक जीविकोपार्जन, बाढी उत्थानशील कृषि प्रणाली, बाढी उत्थानशील अन्न भण्डारण, जैविक तटबन्धन, बृक्षारोपण, वन जंगल संरक्षण आदि कार्यलाई प्रोत्साहन गरिनेछ ।

७.२३. नेपाल कृषि अनुसन्धान परिषद् लगायतका अनुसन्धान केन्द्रहरुको सहयोगमा बाढी र खडेरी प्रतिरोधी कृषि प्रणालीको विकास गरिनेछ ।

७.२४. विपद् जोखिम न्यूनिकरणमा निजी क्षेत्र, सहकारी, बीमा कम्पनी, बैंक आदिको लगानीको लागि सहज व्यवस्था गर्न नियमावली बनाई कार्यान्वयन गरिनेछ ।

७.२५. कृषि, पशु तथा जीवन बीमामा संकटासन्न समुदायको सहज पहुँचको व्यवस्था गरिनेछ । साथै बैंक तथा बित्तिय सँस्थाहरुबाट विपद् प्रभावित समुदायलाई सहुलियत कर्जाको व्यवस्था गरिनेछ । जोखिम हिस्सेदारी र सामाजिक सुरक्षा सञ्जालको प्रबर्द्धनमा लगानी बढाई उत्थानशीलताको प्रत्याभूति गरिनेछ ।

७.२६. विपद जोखिमका कारण विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनामा हुन सक्ने क्षति तथा जनधन, स्वास्थ्य र पोषणमा पर्ने प्रभाव सम्बोधन गर्न गैरजीवन तथा जीवन बीमाका योजना प्रबर्धन गरिनेछ ।

७.२७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सँलग्न सरकारी निकायहरुमा पर्याप्त बजेटको व्यवस्था गरिनेछ । प्रत्येक विकाससँग सम्बन्धित सार्वजनिक संस्थाहरुले कम्तीमा पाँच प्रतिशत बार्षिक बजेट अनिवार्य रुपमा स्थानिय विपद् जोखिम न्यूनिकरणको लागि छुट्याउनु पर्ने ब्यवस्था गर्न निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विकास साझेदार, दातृ संस्था र नीजि क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ ।

७.२८. विपद् जोखिम न्यूनीकरण कार्यलाई विकासमूलक क्रियाकलापहरु सँग एकीकरण तथा मूलप्रवाहीकरण गरिनेछ । स्थानीय विपद् जोखिम ब्यवस्थापन योजना तर्जुमा मार्फत प्राप्त क्षेत्रगत सुझावलाई स्थानीय विकास योजनामा प्राथमिकताका साथ संलग्न गरि कार्यान्वयन गरिनेछ ।

७.२९. बाढी, पहिरो, खडेरी, चट्याङ्ग, हावाहुरी, तातो हावाको लहर, शीतलहर, आगलागी तथा महामारीको नियमित अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास गरी पूर्वसूचनाको आधारमा पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु बनाई लागु गरिनेछ ।

७.३०. स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अत्यधिक उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।

७.३१. आपत्कालिन कार्यसंचालन केन्द्रहरुलाई स्थानिय तहसम्म विस्तार गरिनेछ । प्रादेशिक तथा स्थानीय तहमा स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरु स्थापना गरिनेछ । साथै संघीय, प्रादेशिक तथा स्थानीय आपत्कालिन कार्य संचालन केन्द्रहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

७.३२. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचालाई समय सापेक्ष परिमार्जन गरिनेछ । साथै संघीय, प्रादेशिक तथा स्थानीय स्तरमा आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु बनाई कार्यान्वयन गरिनेछ ।

७.३३. संघदेखि स्थानिय तह सम्म खोज र उद्धार टोलीको स्थापना गरिनेछ ।

७.३४. प्रधानमन्त्री राहत तथा उद्धार कोषलाई व्यवस्थित गरिनेछ । साथै संघ, प्रदेश, स्थानिय र समुदाय स्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।

७.३५. विद्यालय, अस्पताल तथा आश्रय स्थलहरुको स्तरोन्नती गरी आपत्कालिन अवस्थामा समुचित उपयोग गर्न मिल्ने व्यवस्था गरिनेछ । संकटासन्न क्षेत्रमा पहुचयुक्त आश्रय स्थल निर्माण, खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गरिनेछ ।

७.३६. स्थानीय स्तरमा सुरक्षित भण्डार गृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।

७.३७. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा खोज, पुनर्लाभ तथा पुनः स्थापनाका लागि स्थानिय स्तरमा तालिम प्राप्त जनशक्ति तयार गरिनेछ ।

७.३८. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न “अझै राम्रो, बलियो र सुरक्षित बनाऔं” भन्ने अवधारणालाई प्रोत्साहन गरिनेछ । अझै बलियो निर्माणका लागि आवश्यक मापदण्ड तथा उपयुक्त प्रविधिको पहिचान र विकास गरि निर्देशिका तथा सँहितामा समावेश गरिनेछ ।

७.३९. विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन गर्ने निर्माण प्रविधि, सामाग्री, पूर्वाधारहरुको डिजाइन र व्यवस्थापन सम्बन्धि अनुसन्धान तथा विकासलाई प्रोत्साहन गरिनेछ ।

७.४०. विपदपछिको पुनर्निर्माणका क्रममा स्थानीय तहको नेतृत्व, स्थानीय सरसामग्रीको प्रयोग र स्थानीयहरूलाई नै तालिम प्रदान गरी परिचालन गर्न प्राथमिकता दिइनेछ ।

७.४१. विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना तथा संचार प्रणाली (Web-based System, Mobile Apps, Short Message Service-Cell Broadcast, Interactive Voice Response) लाई प्रोत्साहन गरिनेछ ।

७.४२. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समन्वय, सहयोग र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

## ८. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरिनेछन् ।

८.१. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि रणनीतिक कार्ययोजना र आवधिक तथा वार्षिक योजना तर्जुमा गरि लागु गरिनेछ ।

८.२. विषयगत मन्त्रालय तथा विभागहरुको कार्यक्रम तर्जुमा एवँ कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रुपमा लिइनेछ ।

८.३. विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरिनेछ ।

८.४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संघ, प्रदेश, स्थानिय र समुदाय तहमा विपद् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।

८.५. यस नीति कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था गरे वमोजिम आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

८.६. यस नीतिको कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा विभागहरुको संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार विषयगत मन्त्रालय तथा विभागहरुको पुनः संरचना गरिनेछ ।

८.७. यस नीति कार्यान्वयनको लागि आवश्यक नियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरु बनाईनेछ । साथै क्षेत्रगत नीति, रणनीति तथा कार्ययोजनाहरुलाई यस नीतिसँग सामन्ज्यस्य हुने गरि परिमार्जन गरिनेछ ।

## ९. अनुगमन, मूल्याङ्कन तथा समन्वय

९.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरु संघीय, प्रादेशिक तथा स्थानीय तहका सरकारी कार्यालयहरु त्था समाजका सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्ले केन्द्रिय स्तरमा यस नीति कार्यान्वयनमा समन्वय र गुणस्तर तथा प्रभावकारिता अनुगमन तथा मूल्याङ्कन गर्नेछ । यस उच्च स्तरीय समितिको बैठक कम्तीमा बर्षको एकपटक फाल्गुण महिनामा बसि नीति कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा गर्नेछ ।

९.२. अनुगमन तथा मूल्याङ्कनबाट निर्दिष्ट गरिएका विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

९.३. विपद् जोखिम न्यूनिकरण कार्यले पुऱ्याएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा नियन्त्रणका लागि निर्माण गरिएका भौतिक संरचनाहरुबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई हेरिनेछ ।

९.४. विपद् जोखिम न्यूनीकरण कार्यक्रम कार्यान्वयनको प्रत्येक तहमा आवश्यकता अनुसार भौगोलिक र व्यवस्थापकीय सूचना प्रणाली अद्यावधिक गरी अनुगमन र मूल्याङ्कन गरिनेछ ।

९.५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि सम्पूर्ण विवरण बार्षिक रुपमा अद्यावधिक गरी "नेपाल विपद् प्रतिवेदन"प्रकाशन गरिनेछ ।

## १०. नीति पुनरावलोकन

यस नीतिलाई हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ तर आवश्यक परेको अवस्थामा सो भन्दा अगावै पनि परिमार्जन गर्न सकिनेछ ।